# सर्वोत्तम सिमेन्ट लिमिटेड

Ref No.: SCL/LEG/0004/081/82

मिति : २०८१/०४/२५

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लयरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय : योग्य संस्थागत लगानीकर्ता तथा सामूहिक लगानी कोषहरुको लागि छुट्टयाईएको साधारण शेयरको लक-ईन अवधि सम्बन्धी ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सर्वोत्तम सिमेन्ट लिमिटेडको जारी पूँजी रु.४,६५,००,००,०००।- (अक्षरेपी चार अर्ब पैंसट्ठी करोड रुपैयाँ मात्र) मध्ये १२.९०३३ प्रतिशतले हुन आउने कूल ६,०००,००० कित्ता साधारण शेयरहरु मध्येको ४० प्रतिशत अर्थात २४,००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुलाई बाँडफाँड गरी बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा २५(ग) को अधिनमा रहि लक-ईन राखिएको र सार्वजनिक निष्काशनको ५ प्रतिशत अर्थात १,५४,२२७ कित्ता सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरी सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४६ बमोजिम सामूहिक लगानी कोषहरुको लागि छुट्टयाई बाँडफाँड गरिएको व्यहोरा तहाँलाई अवगत नै छ ।

सोही सन्दर्भमा मिति २०८१/०४/२४ गते को "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा योग्य संस्थागत लगानीकर्ताहरुलाई बाँडफाँड गरिएको २४,००,००० कित्ता शेयरको लक-ईन अवधि समाप्त हुने मिति २०८१/०६/०५ गते हुनुपर्नेमा अन्यथा भएकाले भूल सुधार गरी सो सम्बन्धी सूचना मिति २०८१/०४/२५ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशन गरिने भएकाले उक्त सूचनाको नमूना समेत यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा तहाँको जानकारी तथा अभिलेखका लागि अनुरोध गर्दछौं ।

भवदीय,

SARBOTTAM CEMENT LTD. 2019

....................
सन्तोष के.सी.
प्रमुख कार्यकारी अधिकारी

**बोधार्थ :**

श्री एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौं ।

# सर्वोत्तम सिमेन्ट लिमिटेडको लक-ईन अवधि सम्बन्धी मिति २०८१/०४/२४ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा भूल-सुधार गरिएको

मिति २०८१/०४/२४ मा प्रकाशित सूचनामा योग्य संस्थागत लगानीकर्ताहरुलाई बाँडफाँड गरिएको २४,००,००० कित्ता शेयरको लक-ईन अवधि समाप्त हुने मिति २०८१/०६/०५ गते हुनुपर्नेमा अन्यथा भएकाले भूल सुधार गरी यो सूचना प्रकाशन गरी सम्बन्धित सम्पूर्णमा जानकारी गराउँदछौं ।

पूनश्च: लक-ईन अवधि समाप्त हुने अवधि देहाय बमोजिम हुनेछ :

| विवरण | लक-ईन अवधि समाप्त हुने मिति |
|---|---|
| योग्य संस्थागत लगानीकर्ता | २०८१/०६/०५ |
| सामूहिक लगानी कोष | २०८१/०५/२५ |

NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**शेयर रेजिष्ट्रारको नाम र ठेगाना :**
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन : ४५२५२८०, फ्याक्स् : ४००५०८४
इमेल : info@nimbacecapital.com
वेबसाइट : www.nimbacecapital.com